AMNESTY INTERNATIONAL

२३/१०/२०८२ ASA 31/0688/2026

# नेपालको मानवअधिकार सवाल

नेपालमा मिति २०८२ फाल्गुन २१ गतेका लागि तय गरिएको आम निर्वाचन नजिकिँदै गर्दा आफ्नो चुनावी अभियानको मात्र नभई निर्वाचित भएपछि समेत देशको शासन व्यवस्थाको केन्द्रमा मानवअधिकारलाई राख्न एम्नेस्टी इन्टरनेसनल सबै राजनीतिक दल तथा उम्मेदवारहरूलाई आह्वान गर्दछ। अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूसहित नेपालको संविधानले एउटा बलियो खाका प्रदान गरेको छ। तथापि, कार्यान्वयनमा देखिएको निरन्तर विफलता, कमजोर जवाफदेहिता र स्वतन्त्र संस्थाहरूमाथि एक पछिका अर्का सरकारहरूले गरेका राजनीतिक हस्तक्षेपका कारण देशमा विधिको शासन र मानवअधिकारको उपभोगको अवस्था कमजोर बनिरहेको छ।

मतदाताहरूलाई सुसूचित ढङ्गमा आफ्नो प्रतिनिधि छनौट गर्न सक्षम बनाउनका लागि एम्नेस्टी इन्टरनेसनल सबै प्रतिस्पर्धी उम्मेदवार तथा राजनीतिक दलहरूलाई कम्तीमा निम्नानुसारका १० बुँदे मानवअधिकार एजेन्डाप्रति प्रतिबद्धता जनाउन र यी प्रतिबद्धताहरूलाई आफ्ना घोषणापत्र र कार्ययोजनामा स्पष्ट रूपमा प्रतिबिम्बित गर्न आग्रह गर्दछ।

## शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रताको संरक्षण गर्ने

नेपालको संविधानले धारा १७ (२) (ख) अन्तर्गत शान्तिपूर्वक भेला हुन पाउने अधिकारको सुनिश्चितता गरेको छ। यो अधिकारलाई सन् १९९१ मा अनुमोदन गरिएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) लगायत नेपालद्वारा अनुमोदित अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूअन्तर्गत थप संरक्षित गरिएको छ।

तर विरोध प्रदर्शन र भेलाहरूको सहजीकरण र नियमनसम्बन्धी नेपालको रेकर्डले लामो समयदेखि गम्भीर मानवअधिकार चिन्ताहरू खडा गर्दै आएको छ। जसले प्रतिबन्धात्मक कानुनी संरचना र दुर्व्यवहारजन्य अभ्यासहरू दुवैलाई प्रतिबिम्बित गर्दछ। विधिको शासन कायम राख्न तथा आम हताहती हुनेगरी २०८२ भाद्रमा भएको जेन जेड विरोध प्रदर्शन लगायतमा भएको अत्यधिक र अन्य गैरकानुनी बल प्रयोगको लागि जवाफदेहिता र न्याय सुनिश्चित गर्नमा एक पछिका अर्का सरकारहरूबाट भएको निरन्तरको विफलताले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अन्तर्गतका आफ्ना दायित्वहरूप्रति अधिकारीहरूको विद्यमान बेवास्तालाई उजागर गर्दछ। यी प्रवृत्तिहरूले विमतिप्रतिको गहिरो असहिष्णुता मात्र नभई शान्तिपूर्ण भेलाहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुरूप सबलीकरण र सहजीकरण गर्नमा देखिएको लामो समयदेखिको प्रणालीगत विफलतालाई पनि औंल्याउँदछन्।

तसर्थ, उम्मेदवार तथा राजनीतिक दलहरूले शान्तिपूर्वक भेला हुन पाउने अधिकारको सम्मान, संरक्षण र सहजीकरण गर्ने आफ्नो सकारात्मक दायित्व पुरा गर्न र स्वतन्त्रतालाई सीमित गर्ने कानुन, नियम र नियमनका अभ्यासहरू कानुनसम्मत, गैर विभेदकारी, कुनै एक वा बढी वैध उद्देश्यहरूमा आधारित, आवश्यक र समानुपातिक भएको सुनिश्चित गर्ने प्रतिबद्धता जनाउनुपर्दछ।

## अभिव्यक्ति तथा सङ्घ संस्थासम्बन्धी स्वतन्त्रताको अधिकार सुनिश्चित गर्ने

नेपालको संविधानले धारा १७ (२) (क) र १७ (२) (घ) अन्तर्गत अभिव्यक्ति र संघ संस्था खोल्न पाउने स्वतन्त्रताको सुनिश्चितता गरेको छ। यद्यपि विमतिलाई अपराधीकरण गर्न र पत्रकार, अभियन्ता तथा प्रदर्शनकारीहरूलाई चुप लगाउन प्रयोग गरिएका विद्युतीय

कारोबार ऐन, २०६३ को दफा ४७ लगायतका प्रतिबन्धात्मक कानुन र प्रावधानहरूले यी स्वतन्त्रताहरूलाई कमजोर बनाइरहेका छन्। अघिल्ला सरकारहरूले सामाजिक सञ्जाल ऐन (विधेयक), २०८१ लगायतका प्रतिबन्धात्मक विधेयकका प्रस्तावहरूलाई प्रस्ताव गरेका थिए जसले अधिकारीहरूलाई अदालतको आदेश बेगर सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सामग्री हटाउन र प्रयोगकर्ताका जानकारी खुलासा गर्न आदेश दिन सक्नेछ र कथित मिथ्या वा भ्रामक जानकारी पोष्ट गरिएको आरोपमा व्यक्तिहरूलाई अनावश्यक जरिवाना तिर्न लगाउने वा जेल सजाय तोक्ने व्यापक अधिकार प्रदान गर्नेछ। उम्मेदवार तथा राजनीतिक दलहरूले त्यस्ता कानुनहरूलाई संशोधन वा खारेज गर्ने, प्रेस स्वतन्त्रताको रक्षा गर्ने, अभिव्यक्ति तथा विचार स्वतन्त्रताको अभ्यासलाई सहजीकरण गर्ने र नागरिक समाज तथा मानवअधिकार रक्षकहरूका लागि सहज वातावरण सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ।

त्यसैगरी, उम्मेदवार तथा राजनीतिक दलहरूले विद्यमान तथा प्रस्तावित सबै कानुन, नियम र अभ्यासहरूले अभिव्यक्ति तथा सङ्घ संस्थाको स्वतन्त्रताको अधिकारसम्बन्धी संवैधानिक तथा अन्तर्राष्ट्रिय मानवअधिकारअन्तर्गतका प्रत्याभूतिहरूलाई पूर्णरूपले सम्मान गरेको सुनिश्चित गर्ने र यी स्वतन्त्रताउपर लगाइने कुनै पनि खाले बन्देजहरू बिल्कुल आवश्यक र समानुपातिक मात्र् हुने तथा तिनले यी प्रत्याभूतिहरूलाई कमजोर नबनाउने कुरामा प्रतिबद्धता जनाउनु पर्दछ।

## विगतका मानवअधिकार उल्लङ्घनका पीडितहरूको लागि न्याय सुनिश्चित गर्ने

२०६३ मंसिर ५ गते हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौतामा व्यक्त गरिएको प्रतिबद्धता र अन्तर्राष्ट्रिय कानुनको मान्तया तथा नेपालको संवैधानिक प्रतिबद्धताहरू अनुरुप २०५२ देखि २०६२ सालका बीच नेपालमा चलेको सशस्त्र द्वन्द्वका दौरान भएका मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका सबै पीडित र उत्तरजीवीहरूमा सत्य, न्याय, परिपूरण र त्यस्ता उल्लङ्घनहरूको पुनरावृत्ति नहुने सुनिश्चितताको अधिकार रहेको छ। जवाफदेहितासम्बन्धी गम्भीर खाडलहरू पैदा हुने गरी २०८१ साल भाद्रमा तेश्रो पटक संशोधन गरिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का प्रावधानहरूमाथि संशोधन आवश्यक छ। द्वन्द्वको समयमा भएका वा गरिएका अपराधहरूलाई जसरी "मानवअधिकारको उल्लङ्घन" र "मानवअधिकारको गम्भीर उल्लङ्घन"को रूपमा वर्गीकृत गरिएको छ, त्यो उक्त संशोधनको एउटा मुख्य समस्या हो। "विशेष अदालतहरू"मा मुद्दा चलाउन सकिने "मानवअधिकारको गम्भीर उल्लङ्घन"मा केवल चार अपराधहरू समावेश छन्: जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा, नियतपूर्वक वा स्वेच्छाचारीरूपमा गरिएको हत्या, पीडितको अवस्था अहिलेसम्म पनि अज्ञात रहेको अवस्थाको बलपूर्वक बेपत्ता पार्ने कार्य र अमानवीय वा क्रुर यातना। यी परिभाषाहरू अन्तर्राष्ट्रिय कानुनसङ्गत छैनन् र यसमा यातनाको पूर्ण निषेध जस्ता अन्य गम्भीर अपराधहरूलाई समावेश गरिएको छैन। यातनालाई अपराधीकरण गर्नुपर्ने दायित्व निरपेक्ष किसिमको हो। "अमानवीय वा क्रूर" भनेर यातनाको वर्गीकरण हुन सक्दैन, किनकि यातना स्वभावैले अमानवीय वा क्रूर हुन्छ। कानुनमा जबरजस्ती करणी र "गम्भीर यौनजन्य हिंसा" बाहेक दुवै प्रकारका उल्लङ्घनहरू ("गम्भीर" भनी परिभाषित गरिएको वा नगरिएको) "निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा" गरिएको हुनुपर्ने आवश्यकता राखिएको छ। यसले धेरै उल्लङ्घनका घटनाहरूलाई कुनै पनि फौजदारी जवाफदेहिताबाट मात्र नभई ऐनअन्तर्गतका नागरिक तथा प्रशासनिक उपचार र परिपूरण जस्ता अन्य उपायहरूबाट पनि विमुख पार्न सक्छ।

यसका साथै २०८२ बैशाख ३१ गते तत्कालीन सरकारद्वारा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सदस्यहरूको तेस्रो पटक नियुक्ति गर्दाको छनौट प्रक्रियामा परामर्श र स्वतन्त्रताको अभाव रहेको तथा उक्त प्रक्रियालाई राजनीतिक उपयोग गरिएको भनी पीडित र मानवअधिकार समुदायबाट व्यक्त चिन्तालाई तत्काल सम्बोधन गरिनुपर्छ। पीडितहरूको विश्वास आर्जन गर्न र प्रक्रियालाई विश्वसनीय र प्रभावकारी भएको सुनिश्चित गर्न यी कदमहरू अत्यावश्यक छन्।

यस परिप्रेक्षमा, उम्मेदवार तथा राजनीतिक दलहरूले सङ्क्रमणकालीन न्याय प्रक्रियाहरूमा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड अनुरूप सुधार गर्ने, पीडितको सहभागिता सुनिश्चित गर्ने, मानवअधिकारको गम्भीर उल्लङ्घनमा जिम्मेवार व्यक्तिहरूलाई अभियोजन गर्ने, पर्याप्त परिपूरण प्रदान गर्ने र हिंसा तथा उल्लङ्घनका घटनाहरूको पुनरावृत्तिलाई रोक्न संस्थागत सुधार गर्ने प्रतिबद्धता जनाउनुपर्दछ।

त्यसैगरी, उनीहरूले सन् २०७२ सालमा भएको थारु आन्दोलन, मधेश आन्दोलनहरू, लोकतन्त्रका लागि भएका जनआन्दोलनहरू, २०८२ भाद्र २३ र २४ मा भएको को "जेन जेड" युवा नेतृत्वको विरोध प्रदर्शन लगायतका विगतका विरोध प्रदर्शनहरूमा बलको गैरकानुनी प्रयोग गरिएको र स्वेच्छाचारी रूपमा प्रदर्शनकारीहरूको जीवन हरण गरिएको आरोपहरूको पूर्ण, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान, उक्त अनुसन्धानका निष्कर्षहरूको सार्वजनिकीकरण र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डहरूको अक्षरसः पालना गर्दै छानबिन आयोगहरूबाट प्राप्त भएका सिफारिसहरूको कार्यान्वयन सुनिश्चित गर्ने प्रतिबद्धता जनाउनुपर्छ। सुरक्षाकर्मी वा अन्य अधिकारीहरूलाई फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिने कानुन, नीति वा अभ्यासहरूलाई खारेज वा संशोधन गरिनुपर्छ र कानुन कार्यान्वयन गर्ने निकायहरूलाई भेलाहरूको मानवअधिकारसम्मत नियमनका लागि पर्याप्त रूपमा प्रशिक्षित गरिनुपर्छ।

नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि बल र हतियारको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त एवं शान्तिपूर्ण विरोध प्रदर्शनको सन्दर्भमा मानवअधिकारको प्रवर्धन र संरक्षण गर्न कानुन कार्यान्वयन गर्ने अधिकारीहरूको लागि नमूना मार्गदर्शन लगायतका सान्दर्भिक अन्तर्राष्ट्रिय मापदण्डहरू अन्तर्गतका आफ्ना दायित्वहरूको पनि पूर्ण पालना गर्नुपर्छ र जुनसुकै पदमा भएका सबै जिम्मेवार व्यक्तिहरूलाई स्वच्छ पूर्पक्षसहित न्यायको कठघरामा ल्याउने कुरा सुनिश्चित गर्नुपर्छ।

## सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने

विशेषगरी महिला, दलित र आदिवासी जनजातिका लागि न्यायमा पहुँच असमान छ। संविधानले धारा १८ र २० अन्तर्गत कानुनको दृष्टिमा समानता र न्यायमा पहुँचको प्रत्याभूति गरेको छ। कानुनी सहायता ऐन, २०५४ ले राज्य समर्थित कानुनी सहायताको व्यवस्था गरेको छ। यद्यपि, पीडकहरूमाथि अभियोजन गर्नमा हुने विफलता, चर्को कानुनी लागत, प्रक्रियागत जटिलता, भौगोलिक अवरोध र जात तथा लिङ्गमा आधारित विभेद अपराध एवं दुर्व्यवहारका पीडितहरू अझ विशेषगरी महिला, दलित र जनजाति जस्ता सीमान्तकृत समुदायका व्यक्तिहरूको लागि न्यायको पहुँच प्राप्त गर्नमा रहेका प्रमुख बाधाहरूको रूपमा रहेका छन्।

उम्मेदवार तथा राजनीतिक दलहरूले प्रभावकारी र सयबद्ध अनुसन्धान गर्ने, कानुनी सहायता सेवाहरूको सबलीकरण गर्ने, अदालत र अर्धन्यायिक निकायहरूको दक्षता र स्वतन्त्रतामा सुधार गर्ने, फर्च्योट हुन बाँकी मुद्दाहरूको संख्यालाई संबोधन गर्ने, लक्षित उपायहरू लागू गर्ने र यौनिक तथा लैङ्गिक हिंसाका पीडित र उत्तरजीवीहरूका लागि दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने प्रतिबद्धता जनाउनु पर्छ।

## गैरविभेद र सारभूत समानतालाई सुनिश्चित गर्ने

जात, जातीयता, लिङ्ग, अपाङ्गता, यौनिक झुकाव, लैङ्गिक पहिचान, धर्म वा आर्थिक अवस्थाका आधारमा गरिने विभेद नेपालमा अझै व्यापक रूपमा कायम रहेको छ। संविधानको धारा १८ र ४२ ले समानता र सामाजिक न्यायको हक सुनिश्चित गरेको छ र जातीय विभेद तथा छुवाछूतलाई निषेध गरेको छ। जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले भेदभावपूर्ण अभ्यासलाई अपराधिकरण गरेको भएतापनि दण्डहीनताको संस्कृति कायम छ र कार्यान्वयन कमजोर रहेको छ। आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) महासन्धि १६९ र संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्रअनुसार नेपालले आदिवासी जनजातिहरूलाई असर पार्ने विकास निर्माणका गतिविधिहरूसम्बन्धी निर्णय प्रक्रियाहरूमा उनीहरूको सहभागिता र स्वतन्त्र, अग्रिम तथा सुसूचित सहमति (एफपिआइसि) लिनुपर्ने दायित्व वहन गरेको भएतापनि प्रभावित आदिवासी जनजातिको सहभागिताबिना नै पूर्वाधारसम्बन्धी परियोजनाहरूलाई अगाडि बढाई राखिएको छ।

उम्मेदवार तथा राजनीतिक दलहरूले विभेदविरुद्धका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने, संरचनात्मक असमानतालाई संबोधन गर्नका लागि सकारात्मक उपायहरूको अवलम्बन गर्ने र सीमान्तकृत समुदायका लागि शिक्षा, रोजगारी, आवास र सार्वजनिक

सेवाहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाउनुपर्दछ। उनीहरूले आदिवासी जनजातिहरूलाई असर पार्ने विकासका गतिविधिहरूसम्बन्धी निर्णय प्रकृयाहरूमा आदिवासी जनजातिहरूको सहभागिता तथा उनीहरूको स्वतन्त्र, अग्रिम र सुसूचित सहमति सुनिश्चित गर्नुपर्छ।

## महिला, बालिका र एलजिबिटिआइक्यु व्यक्तिहरूका अधिकारको संरक्षण र प्रवर्धन गर्ने

संविधानको धारा १८, ३८ र ३९ अन्तर्गतका प्रत्याभूति र घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, पारलैङ्गिक र अन्य क्वेयर व्यक्तिका अधिकारका सवालमा सर्वोच्च अदालतबाट जारी भएका निर्देशन लगायतका संरक्षणात्मक कानुनी प्रावधानका बाबजुद महिला, बालिका र लैङ्गिक विविधता भएका व्यक्तिहरूले अझै पनि हिंसा, विभेद र निर्णय प्रक्रियाका साथै सामाजिक, आर्थिक र राजनीतिक जीवनका सबै पक्षहरूबाट बहिष्करणको सामना गरिरहेका छन्। बालविवाह, छाउपडी (महिनावारीको समय महिलालाई गोठ वा छाप्राहरूमा एक्ल्याएर राख्ने परम्परा) जस्ता हानिकारक अभ्यासहरू र लैङ्गिक हिंसामा दण्डहीनता निरन्तर कायम छ।

उम्मेदवार तथा राजनीतिक दलहरूले राजनीतिक र सार्वजनिक जीवनका सबै तहहरूमा महिला र लैङ्गिक विविधता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ, लैङ्गिक उत्तरदायी प्रहरी नियमन र स्वास्थ्य सेवाहरूलाई सुदृढ बनाउनु पर्छ र लैङ्गिक हिंसालाई रोक्न, अनुसन्धान गर्न तथा न्याय प्रदान गर्नका लागि महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सिड) अन्तर्गत रहेका नेपालको दायित्वहरू, यौनिक झुकाव र लैङ्गिक पहिचानलाई संरक्षण गर्ने अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू र नेपालको संविधान अनुरूप हुनेगरी कानुनहरूलाई पूर्ण रूपमा लागू गर्नुपर्छ।

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार तथा जलवायु न्याय सुनिश्चित गर्ने

संविधानको धारा ३१, ३५, ३६, ३७, र ४३ मा शिक्षा, स्वास्थ्य, खाद्य, आवास र सामाजिक सुरक्षासम्बन्धी अधिकारहरू सुनिश्चित गरिएको छ। आवासको अधिकारसम्बन्धी ऐन, २०७५, खाद्यअधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायतका कानुनी संरचनाहरूले यी अधिकारहरूको पहुँच सुनिश्चित गर्नका लागि विशिष्ट संरक्षण र दायित्वहरू प्रदान गरेका छन्। यसका साथै नेपाल आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसिइएससिआर) को पक्ष राष्ट्र हो। तथापि भूमिहीनता, जबरजस्ती निष्कासन, अपर्याप्त आवास र अत्यावश्यक सेवाहरूमा असमान पहुँच विशेषगरी सिमान्तकृत समुदायहरूमाझ अझै कायम छ जसले उल्लिखित ऐनका प्रावधानहरूको कार्यान्वयन भएका निरन्तरका विफलताहरूलाई प्रतिबिम्बित गर्दछ। अनौपचारिक बस्तीहरूमा बसोवास गरिरहेका व्यक्तिहरूको दावी प्रमाणिकरण गरी धनी पूर्जा वा स्वामित्वको प्रमाणपत्र जारी गर्ने प्रयोजनका लागि स्थापना गरिएका भूमि आयोगहरूलाई पटक पटक समयअघि नै विघटन गरिएका छन् जसबाट आवासको अधिकारका साथै मानिसको आफू बसोवास गरेको स्थलसँगको आवाससम्बन्धको सुरक्षा कमजोर बन्न पुगेको छ। सामाजिक सुरक्षाका सवालमा केही प्रगति भएको भएपनि त्यसको कुनै स्वरूपको प्रावधानमा जनसङ्ख्याको एक तिहाईले मात्र पहुँच प्राप्त गरेका कारण व्यापक खाडलहरू अझै कायम रहेका छन्। बालबालिका र काम गर्ने उमेर समूहका व्यक्तिहरू अझ विशेषगरी अनौपचारिक क्षेत्रमा काम गर्ने र स्वरोजकार रहेका व्यक्ति, मातृत्व संरक्षण र आम स्वास्थ्य सेवा (universal health care) का सवालमा सामाजिक सुरक्षाको कभरेज विशेष रूपमा कमजोर रहेको छ।

उम्मेदवार तथा राजनीतिक दलहरूले भूमि र आवाससम्बन्धी सुधारलाई प्राथमिकता दिनुपर्छ, जबरजस्ती निष्कासनविरुद्धको संरक्षण सुनिश्चित गर्नुपर्छ, आम स्वास्थ्य र शिक्षा प्रणालीलाई सुदृढ गर्नुपर्छ र असमानतालाई न्यूनीकरण गर्नका लागि समावेशी सामाजिक सुरक्षा नीतिहरू अवलम्वन गर्नुपर्छ। उनीहरूले प्रमाणीकरण र जग्गा वितरण प्रक्रिया निष्पक्ष र पारदर्शी बनाउन भूमि समस्या समाधान आयोग जस्ता संस्थाहरूलाई सुदृढ पार्ने, सहयोग गर्ने र सक्षम बनाउने कुरामा प्रतिबद्धता जनाउनुपर्दछ।

यसका साथै उम्मेदवार तथा राजनीतिक दलहरूले जलवायु परिवर्तनका प्रभावहरू संबोधन गर्ने सवालमा विशेषगरी अनुकूलनका उपायहरू र मानवसिर्जित जलवायु परिवर्तनसम्बन्धी विपद्हरूको प्रतिकार्य लागू गर्ने क्रममा मानवअधिकारमा आधारित दृष्टिकोणलाई प्राथमिकता दिनुपर्छ। किनभने तिनले नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्राप्तिमा प्रत्यक्ष असर पार्दछन्। संविधानको धारा ५१ (छ) अन्तर्गत रहेका दायित्वहरू, वातावरण संरक्षण ऐन, २०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ तथा नेपालको अद्यावधिक राष्ट्रिय तवरमा निर्धारित हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्ययोजना (एनडिसि ३) लगायत जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (युएनएफसिसिसि), पेरिस सम्झौता र जैविक विविधतासम्बन्धी महासन्धिअन्तर्गत नेपालका प्रतिबद्धताअनुसार जलवायु कार्यहरूले मानिसको स्वच्छ, स्वस्थ र दीर्घकालीन वातावरणको अधिकार, जिवाष्म इन्धनबाट नवीकरणीय उर्जामा स्थानान्तरण गर्दा प्रभावित हुने श्रमिक, समुदाय र व्यक्तिहरूको अधिकार लगायतका आधारभूत मानवअधिकारलाई संरक्षण गर्नुका साथै जलवायु परिवर्तनबाट हुने हानिहरूबाट सबैभन्दा बढी जोखिममा रहेका व्यक्ति र समुदायहरूको प्रतिरोध क्षमतालाई सुदृढ गर्नुपर्छ।

## महिला आप्रवासी श्रमिकलगायतका आप्रवासी श्रमिकहरूको अधिकारको संरक्षण गर्ने

धेरै नेपालीहरूका लागि श्रम आप्रवासन जीविकोपार्जनको एउटा महत्त्वपूर्ण रणनीति बनेको छ। तथापि आप्रवासी श्रमिकहरू रोजगारीमा भर्ना हुने क्रममा नेपालमा ठगीको शिकार हुन्छन् र पछि गन्तव्य देशका कार्यस्थलमा शोषणमा पर्छन्। सँगसँगै उनीहरूले कार्यस्थलमा असुरक्षित वातावरणको पनि सामना गर्छन् र संरक्षण तथा न्यायमा पर्याप्त पहुँच पाउँदैनन्। पर्याप्त कन्सुलर सहायताको अभाव एउटा प्रमुख समस्याको रूपमा रहेको छ। वैदेशिक रोजगार ऐन, २०६४ र सम्बन्धित नियमावलीहरूले कानुनी संरचना प्रदान गरेको भएतापनि यसको कार्यान्वयन कमजोर रहेको छ। महिला श्रमिकहरूको श्रम आप्रवासनसम्बन्धी नीतिहरू बारम्बार र स्वेच्छाचारी तवरमा परिवर्तन गरिएका छन्। जट्ट हेर्दा उस्तो हानिकारक नदेखिने तर वास्तविकतामा अव्यवहारिक शर्तहरूसहितका यी नीतिहरू अझै कायम छन्। यसले वैदेशिक रोजगारीको अवसर खोजिरहेका महिलाहरूलाई अनियमित माध्यम अपनाउन बाध्य बनाउँछ जसबाट उनीहरू मानवबेचबिखन र जबरजस्ती श्रमको जोखिममा पारिरहेका छन्।

उम्मेदवार तथा राजनीतिक दलहरूले आप्रवासी श्रमिकहरूका लागि रोजगारदाता आफैले तिर्ने गरी भर्ना प्रणाली लागू गर्न, गलत कार्य गर्ने भर्ना एजेन्सीहरूलाई जवाफदेही बनाउन, वैदेशिक रोजगारीमा जानुअघि अभिमुखीकरण दिने कार्य र सामाजिक सुरक्षाका योजनाहरूलाई सुदृढ गर्न, कन्सुलर सहायतामा सुधार गर्न, घरेलु कानुनलाई अन्तर्राष्ट्रिय कानुन र मापदण्डहरू अनुरूप बनाउन र नेपाली महिलाहरूको विदेशमा रोजगारी गर्ने तथा रोजगारीका अवसरहरू छनौट गर्ने अधिकारको सम्मान गर्ने तथा उनीहरूका लागि मर्यादित श्रम अवस्थाको सुनिश्चित गर्ने नीतिहरू लागू गर्नका लागि प्रतिबद्धता जनाउनु पर्दछ।

## यातना तथा अन्य दुर्व्यवहार र हिरासतमा हुने मृत्युको अन्त्य गर्ने

संविधानको धारा २२ र मुलुकी अपराध संहिता, २०७४ ले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई निषेध गरेको छ। संविधानले हिरासतमा हुने अमानवीय व्यवहारको अनुसन्धान र रोकथाम गर्ने अधिकार महान्यायाधिवक्तालाई प्रदान गरेको छ भने राष्ट्रिय मानवअधिकार आयोगलाई यस्ता घटनाको अनुसन्धान गर्न र पीडितका लागि न्यायिक उपचारको सिफारिस गर्ने अधिकार दिएको छ। यसका बाबजुद हिरासतमा मृत्यु तथा कानुन कार्यन्वयन गर्ने अधिकारीहरूबाट यातना भएका समाचारहरू आउन जारी रहेको छ। यस सवालमा जवाफदेहिताको अभाव रहेको छ र सँगै पर्याप्त स्वास्थ्य हेरचाह लगयातका आधारभूत मानवअधिकारको अभावसहित कारागारहरूको अवस्था नाजुक रहेको छ। पीडितहरूले आफूलाई यातना दिएकै प्रहरी कार्यालयमा उजुरी दिनुपर्ने कारणले प्रभावकारी अनुसन्धान र अभियोजन चुनौतीपूर्ण रहेको छ।

उम्मेदवार तथा राजनीतिक दलहरूले यातनाका आरोपहरूको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान सुनिश्चित गर्न, पीडिकहरूको जवाफदेहिता कायम गर्न, पीडितहरूको लागि न्यायिक उपचारमा पहुँच प्रदान गर्न र यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि

अन्तर्गत नेपालका दायित्वहरूलाई पालना गर्न आवश्यक कानुनी तथा संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्न प्रतिबद्धता जनाउनुपर्दछ।

## नागरिक स्थल र मानवअधिकार रक्षकहरूको संरक्षण तथा सबलीकरण गर्ने

विधिको शासन र उत्तरदायी सुशासनका लागि जीवन्त नागरिक स्थल अपरिहार्य छ। यद्यपि पत्रकार, मानवअधिकार रक्षक, युवा र जलवायु अधिकारका अभियन्ताहरू र नागरिक समाज संघसंस्थाहरू बढ्दो रूपमा उत्पीडन, निगरानी र कानुनी धम्कीको सामना गर्न बाध्य भएका छन्।

उम्मेदवार तथा राजनीतिक दलहरूले मानवअधिकार रक्षकहरूको संरक्षण गर्न, प्रेस स्वतन्त्रता सुनिश्चित गर्न, नागरिक स्थललाई सीमित गर्न कानुनको दुरुपयोग हुन नदिन तथा सार्वजनिक मामिलाहरूमा विमति र सहभागितालाई सम्मान गर्ने राजनीतिक संस्कृतिको प्रवर्धन गर्न प्रतिबद्धता जनाउनु पर्दछ।